CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरतायण ❋



लेखकः–

विनोद प्रसाद भट्टराई

294.5922
BHA

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE-IKS

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह.लि.६८६३

नं.१२९

- भरतायण -

लेखकः- विनोद प्रसाद भट्टराई

© विनोद प्रसाद भट्टराई

प्रकाशकः- डिल्लि राज सापकोटा

प्रकाशन तिथिः- २०१२ साल फाल्गुण

मुद्रकः- नवजीवन छापाखाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—भरतायण—

१

अयोध्या नगरीका राजा दशरथ एक सत्यवादी कर्तव्य निष्ठ तथा प्रजा पालक राजा थिये। उनको छत्र छायामा रही सारा अयोध्या वासी आफुलाई अति भाग्यशाली र सुखी महसुस गर्दथे।

महाराजा दशरथका उत्तराधिकारि जेष्ठपुत्र राजकुमार रामचन्द्र पनि बहुतै ज्ञानी कर्तव्य परायण र प्रजा वत्सल थिए। राम प्रति अयोध्यावासीको ठूलो भक्ति तथा श्रद्धा थियो। उनीहरू रामको गुण गाउंदा थाक्दैन थिए।

एक रोज महाराजा दशरथले आफु वृद्ध भएको र राजापाठ राम्ररी सम्हाल्न असमर्थ भएको महसुस गरी रामचन्द्रलाई राज तिलक दिने विचार गरी आफ्ना भारदारहरूको एक सभा बोलाएर आफ्नो ईच्छा सभा समक्ष प्रस्तुत गरे। महाराजाको ईच्छासुनी सारा भारदार-हरूले एक आवाजमा महाराजको ईच्छालाई मन्जूर गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस खुशीको खबर अयोध्या भर तुरुन्तै नै फैलियो। राम[illegible] राजा हुने खबर सुनेर सारा प्रजागण खुशि भै नाच गान गर्न लागे।

तर यी सबकुरा देखि बिलकुल अनभिज्ञ भै राजकुमार भरत राज महलको एक कोठामा रंग लिलामा व्यस्त थिए। यसबेला उनी मदिराको नशामा चूर भै कामिनी नामक एक सुन्दरी को नृत्य हेर्नमा मग्न थिए। उनको सामु मदिराले भरिएको सुराई थियो। उनी बराबर हातमा लिएका मदिराको प्यालाबाट घुटको लिन्दै थिए। कामिनी आफ्नो उतेजक नृत्य पेशगरी भरतलाई प्रभावित गर्दै थिई। भरत कामिनीको उत्तेजित अंगलाई हेर्दै दांतले ओठ टाक्दै थिए।

कामिनी नाच्दा नाच्दै एकासी भरतको काखमा आएर लडी र आफ्नो कोमल हातको माला भरतका गलामा पहिराउंदै मस्किएर बोली– "मेरो राजकुमारलाई कस्तो लाग्यो त दासीको नृत्य ?" भरतले पनि उत्तरमा कामिनीलाई बेसरी च्यापेर नशाको लयमा भने– "अति सुन्दरलाग्यो प्रिये। तिम्रो नृत्यपनि सुन्दर अनि सबै कुरा सुन्दर ... " –भन्दै कामिनीको गुलाबी ओठमा आफ्नो ओठ लगेर जोडिदिए। अनि भरतका हात कामिनीको शरीरभर दौडिन लाग्यो। तर अचानक भरतका हातहरू रोकिए अनि ओठ पनि कामिनीको ओठबाट अलगियो। कोठामा मन्थराले प्रवेश गरेकिले भरतले कामिनीलाई आफ्नो बाहुपासबाट अलग गरे र मन्थरातर्फ नजर गरे। मन्थरा महारानी कैकेयीको खास दासी थिई। उ एसबेला बहुत गम्भिर देखिन्थि। यसरी अचानक मन्थरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएको देखेर भरतले क्रोधित भै प्रश्न गरे– "के लाई यसवेला आईस मन्थरा ? के तलाई ज्ञान थिएन की हामी यसवेला मनोरन्जनमा संलग्न छौं भन्ने ?

"क्षमा पाऊ राजकुमार मैले हजुरको मनोरन्जनमा बाधा पुऱ्याए। तर म एक अति जरूरी शन्देश लिएर आएकी छु"– मन्थराले एकदम सिर ऊकाएरभनी।

"के हो त्यो जरूरी सन्देश जो यसवेला हामीमा जाहेर गर्नु जरूरी भयो ?" भरतले क्रोधित हुंदै भने।

"राजकुमार ... "– तर विचैमा मन्थराले आफ्नोकुरा रोकी र एक दृष्टि कामिनीतिर दिई जो अझै भरतसंग टाँसिएर वसिरहेकी थिई। भरतले मन्थराको तात्पर्य बुझेर कामिनीलाई त्यहाँवाट जाने शंकेत गरे। कामिनी उठेर गई। त्यसपछि भरतले पुन मन्थरासंग प्रश्नगरे– "अव जाहेर गर के शंदेश छ ?"

"राजकुमार हजुरलाई ज्ञात छ वाहिर के के हुंदैछ ?"

"के भयो र ?"

"सव अनर्थ भै सक्यो राजकुमार, हजुर माथी दुःखको पहाड खसिसक्यो। हजुरको भाग्यमाथी वज्रपात भयो।"

"त के भन्न चाहन्छेस मन्थरा प्रष्टभन"– भरत अलि सचेत भए झैं देखिए।

"महाराज दशरथले रामचन्दलाई राजतिलक दिने हुकुमभयो। यो कुरा सारा अयोध्याभरी फैलिई सक्यो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"के रे। रामलाई राजतिलक दिने ? यो कदापी हुन सक्तैन। अयोध्याको राज सिंहासन मैले पाउनुपर्छ... केवल मैले _ "– भरत एकदम क्रोधित भएर कराउन लागे।

"राजकुमार। यसरी बन्द कोठामा बसेर क्रोधित भै कराएर मात्र अयोध्याको राज सिंहासन प्राप्तहुन सक्तैन। त्यसकोलागि चाँडैनै हामीले केहि उपाय गरी हाल्नु पर्‍यो।"

"के माताजीले पनि यी सब अनर्थ हुंदापनि केही गरि बक्सेन ?"

"हो राजकुमार, महरानी कैकेयीले पनि हजुरको भाग्य प्रति खेलवाहड गरि बक्सियो। मैले महारानीलाई कति विन्तिगरे, वहां समक्ष रोए कराए तर किन हो कुन्नि महारनी भने एकदम हात बाँधेर बसि बक्सिएको छ। यदी महारानीले चाहि बोल्सएको भए महारानीको महाराजसंग संचित दुईटा वर नै हजुरलाई अयोध्याको सिंहासन दिलाउन पर्याप्त हुने थियो। यो कुरा त हजुरलाई पनि ज्ञात भएकै कुरा हो, मो दासीले हजुरलाई जाहेर गरी सकेकोछ की महारानीको महाराजसंग पुरानो दुईटा वर माग्न बाँकि छ।"

"मन्थरा तैले यसरी हामीलाई वेलैमा सचेत गराएकी र हाम्रो भलो चिताएकोमा हामी बहुत प्रशन्न भयौ। ल ला तलाई ईनाम"– भनेर आफ्नो गलाको मोतीको माला फुकालेर मन्थरा तर्फ हुत्याईदिए र त्यहांवाट रन्किन्दै बाहिर निस्किए। दुष्ट मन्थराको अनुहारमा एक भेद पूर्ण मुस्कान देखा पर्‍यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६

महारानी कैकेयी आफ्नो कोठामा बसेर अब उनको सामु आईपर्ने स्थितिमाथी विचार गरि रहेकी थिइन । उनी विचार गरि रहेकी थिइन कि कसरी आफ्ना पुत्र भरतलाई अयोध्याको सिंहासन दिलाउने ? कसरी आफ्ना प्रिय पुत्रको सत्यानाश हुन लागेको यो आपत्ति संग मुकाबिला गर्ने भन्ने विषयमा उनी सोचि रहेकी थिइन ।

अचानक क्रोधले रातापिरा भएका भरतलाई कोठा भित्र पसेको देखि उनीले भरत तर्फ नजर गर्दै भनिन– 'आउ भरत बस । मैले तिमिलाई बोलाउने आंटेको थिए ।''

''मात जि यो म के सुन्दै छु ? राम अयोध्याको राजा बन्दै छ रे । अनि म चांही ?''

''भरत, तिमी किन यसरी आतुर हुन्छौ ? धैर्य गर ।''

''धैर्य ''– भरतले निराश भएर भने– ''कसरी धैर्य गरू ? मेरो छातिमा तुफान उठीरहेछ । म मेरो भविश्य अन्धकार भएको देखदै छु । मैले बर्षौदेखि देखि आएको सपना आज व्यर्थ हुंदैन । मैले जुन एक सुनौलो भविष्यको कल्पना गरेको थिए, त्यो सब आज जलेर खरानी हुंदैछ । माताजी, हजुरले म माथी यत्रो दुःखको पहाड खस्दा पनि हात बाँधेर बसि बसिस्यो ? किन यो अनर्थ हुन दिई बसिस्यो ? हजुरको हातमा मेरो भविष्य र म अयोध्याको राजा बन्ने कुरा सुरक्षित छंद छंदैपनि किन म आज यसरी लत्याईए ? आज्ञा होस् माताजी के अब हजुरको यो पुत्र जोगी हुने भयो ? आज हजुर हुंदा हुंदैपनि मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिलाषा चकना चूर भयो। अब त मैले जीवित रहनुपनि व्यर्थ छ, अब मैले आत्म हत्या गरेपनि हुने भयो।"

"भरत।"– कैकेयीले आफ्ना पुत्रलाई अंकमाल गरीन र सान्त्वना दिंदै भनिन्– "शान्त होऊ भरत, यस्तो अशुभ वाक्य प्रकट नगर। म छंदा छंदै तिमिले आत्महत्या गर्नुपर्ने स्थिति कदापी आउंदैन। तिमिलाई अयोध्याको सिंहासन दिलाउने कुरामा म स्वयं बहुत चिन्तित छु। म आजै महाराजसंग मेरो दुई वर माग्ने छु, जसमा तिमिलाई अयोध्याको सिंहासन र त्यो रामलाई बनवास माग्ने छु।"

"माताजी हजुर धन्य होईबक्सिन्छ, हजुरले आफ्ना दुई वर माग्नासाथ सबै स्थिति पुनः मेरो अनुकुल हुनेछ। म अयोध्याको राजा बन्ने छु .. हा .. हा... हा .." भरत एकदम उन्मत्त हुंदै अट्टहास गर्न लागे।"

"भरत। यसरी ज्यादा उन्मत नहोऊ। यो काम त्यकि सरल छैन जति तिमीले सोच्दछौ। मलाई शंका छ कि महाराजले मेरो मांग पुरा गरेतापनि रामले अयोध्याको हक छोड्ने छैन र फेरी लक्ष्मणले पनि रामको पक्ष लिएर केहि उपद्र गर्न सक्ने छ!"

"माताजि, यस कुरामा हजुर कुनै चिन्ता नगरि बक्सियोस। मलाई पूर्ण विश्वास छ यदी पिताजीको आज्ञा पाएमा रामले अयोध्याको हक छोड्ने छ। बांकी रह्यो पीताजीको वचन यसमा त कुनै शंकै छैन कि पिताजीले हजुरको माग पूरा नगर्नु होला भनेर। पिताजीको सत्य-वादीता देखि त समस्त अयोध्या परिचित छ"– त्यस पछि भरतले केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...चर भने– "तर माताजी हजुर आज पिताजीसंग कुरा नगरि बक्सियोस।"

"किन नि?"

"किनकी म यहाँ भएको बेलामा हजुरले कुरा गरी बक्सियो भने म माथी सबैले शंकागर्न सक्छन् जसले गर्दा पछि मलाई शासन चलाउन कठिन हुन सक्छ। म आजै मामा घर जान्छु। हजुरले दुई चार दिन पछि पिताजीसंग आपना दुई बर मागि बक्सेला र यहाँ सबै कुरा मिलि सकेपछि मलाई शंदेश पठाई बक्सेला।"

"स्याबास भरत। म तिम्रो वृद्धिको खुब प्रशंसा गर्छु। तिमिले धेरै राम्रो तरकिब निकाल्यौ। त्यसै गर, तिमि मामाघर, जाऊ म यहाँ सब मिलाउंछु। तिम्रो खातिर जे जति दोषर लाल्छना आउंछ म मेरै उपर लिने छु।"

माताजीको कुरा सुनेर भरत बहुत प्रसन्न भए र माताजीलाई आदर पूर्वक ढोग गरेर त्यहाँबाट प्रस्थान भए।

६

नित्यदिन अनुसार कैकेयी महाराजको कोपोमा गईन। तर आज कैकेयीको मुहार मलीन छ। उनी कुनै असजिलो स्थितिमा परेको झैं देखिन्छीन। उनी आज निकैनै गम्भिर छिन्। उनको यस विचित्र स्थिति-लाई देखेर महाराजले प्रश्न गरे– "महारानी आज तिमि किन गम्भिर देखिन्छौ नि? के गाथमा आराम भएन कि?"

"हो महाराज म आज हजुरसंग केहीकुरा माग्न आएकी छु।"

"मागन त महारानी के माग्छौ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

"महाराज हजुरलाई सम्झना होला कि मेरो हजुरसंग दुई वर संचित छन्"

"अवश्य– महारानी, म संग तिम्रो दुई वर बाँकी छ।"

"म आज सोही वरमाग्न आयकी छु"– ककेयीले गम्भिर भएर भनिन्। उसका मुट् तेज गतिले चल्न लाग्यो।

"माग के चाहन्छौ" महाराजले आफ्नो साही ठाँटसंग भने।

"महाराज म वर त माग्छ तर मलाई लागी रहेछकी हजुरले मेरो माग पुरा गर्न सकिबक्सेला?"

"महारानी!"– महाराजले उतेजित हुंदै भने–" तिमि के माग्न चाहन्छौ माग। म तिम्रो मांग अवश्य पुरा गर्नेछु। म तिमिलाई पुनः वचन दिन्छु कि तिमिले जो मागेपनि दिनेछु।"

"महाराज वचन दिनु अघि सोची बक्सियोस फेरी मेरोमाग सुनेर हजुरलाई आफ्नो वचनबाट विचलित हुनुपर्ने स्थिति नआवस।"

यो सुनेर महाराज दशरथलाई आफ्नो सत्य वचन प्रति चोट लागेको झं महसुस भयो। उनी क्रोधित भएर बोले– "महारानी! सूर्यवंसी रघुकुलले कहापी आफ्नो वचनबाट विमुख हुन जानेकोछैन भने कुरा तिमिलाई ज्ञात छैन?" तिमिले मेरो प्राण नै मागेपनि म दिन तयार हुनेछु तिमिमाग मात्र।

त्यसपछि कैकेयीले आफुलाई संयमराख्दै आफ्नो स्वार्थ पूर्ण वाक्य बोलिन "महाराज मेरो हजुरसंग रहेको दुईबर मध्ये एकको बदला मेरो पुत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलाई अयोध्याको सिंहासन र दोश्रोको बदला रामलाई १४ वर्षको बनवास पाऊ।"

"महारानी– यो तिमिले के माग्यौ? बरू मेरो प्राण नै किन मागिनौ? "– त्यसपछि महाराज अरू बोल्न सकेनन्। उनका छाती चिरिएर आयो। उनलाई चक्कर लाग्नलाग्यो र अचानक उनी धर्म्म– गरेर जमीनमा लडेर मुर्छापरे।

६

यसबेला रामचन्द्रको कोठालाई साचैंनै दुःख र आपत्तिले ढाकीरहेछ। सीता एककुनामा बसेर आँसु बहाई रहेकी छिन कौशल्या आफ्नो पुत्र र बुहारीको बिजोग देखेर भित्रभित्रै पिडाले छटपटाई रहेकीछिन्। लक्ष्मण क्रोधले रातो भएकाछन्। उनको हात बारंबार एक अर्कासंग टकराई रहेकाछन्।

रामले आफ्नि पत्नि सीतालाई सम्जाउन लागे– "सीते, तिमी यसरी नरोउ, धैर्य गर। मानीसले आफ्नो कर्मको भोग भोग्नै पर्छ।"

"दाजै,"– लक्ष्मण एकदम क्रोधीत भएर जंगिए– "हजुर कर्म र भाग्यलाई दोष दिई बसिरन्छ, के हजुरको भाग्यमा राज गद्दि छाडी बनवास जानु लेखेको थियो? के अयोध्या बासीको भाग्य रामलाई गुमाउनुपर्ने थियो? के माता सीताको भाग्य राजमहलको सुख चैन छाडी जंगलमा दुःख कष्ट झेल्नुपर्ने थियो? दाजै, म कदापि भाग्यलाई दोषदिन सक्तिन। म अयोध्यामा रगतको खोलो बगाउनु परेपनि बगाएर छाडछु तर हजुरको अयोध्या माथिको हक कदापि गुम्न दिने छैन। आजसम्म हजुरकोपाउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा गर्नमा मात्र प्रयोग भएका यी हातले अब तरवार उठाउनेछु। शत्रुको नामोनिसान मिटाई दिनेछु। म त्यस दुष्ट भरतको चाललाई कदापि सफल हुन दिने छैन।'' लक्ष्मणले आवेशमा आएर यी सब कुराहरू गरे। लक्ष्मणलाई यसरी क्रोधित भएको देखेर रामले उनलाई सम्झाउन लागे-- "शान्त होउ भाइ, केवल लुछाचड्डी र संघर्ष गर्नु मात्र जीवन होइन। पितृभक्ति र आज्ञाकारीता भन्ने कुरा पनि त ठूलो हो। म पिताजीको आज्ञा पालन गर्न बनमा जाँदैछु।"

"केवल मातापिताको आज्ञा पालन गर्नु मात्र पनि त जीवन होइन, के हजुरको कर्तव्य बनमा गएर बस्नु मात्र हो र? के अयोध्या-वासीको सेवा गर्नु र उनीहरूको आँसु पुछ्नु हजुरको कर्तव्य होइन। दाजै, म हजुरप्रतिको यो अन्याय हेर्न सक्तिन। हजुरले आफ्नो लागि नभए पनि अयोध्यावासीको लागि अवश्य संघर्ष गर्नैपर्छ। हजुर बनमा जाने हठ मतपरिवर्तियोस्। हजुरको लागि समस्त अयोध्यावासी प्राण अर्पण गर्न तत्पर हुनेछन्। त्यस पापी दुष्ट भरतको केही जोर चल्ने छैन।"

"लक्ष्मण, भरतलाई गाली नगर, यसमा उसको केही दोष छैन। ऊ त मलाई उत्तिकै माया गर्छ जति तिमी गर्छौ।"

"खूब माया गर्छ''— लक्ष्मणले मुख बिगार्दै भने— "हजुरको हक छिनेर हजुरलाई भिकारी ऊँ बनमा पठाउनु के यही हो उसको हजुर प्रतिको माया र भक्ति? त्यो त पापी हो, दुष्ट हो, जो यस किसिमको चाल रची हजुरको हक छिन्यो र केही थाहा नपाए ऊँ गरी माबलमा गई बसेको छ। अनि त्यो कैकयी जसले आफ्नो पुत्रलाई राजसिंहासन दिलाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुकर्म गरी त्यो त राक्षसनी हो ... ।''

"लक्ष्मण ! तिमी यसरी सीमा नाघेर बोल्लाउ र माता कैकयी-लाई यस्तो अपशब्द प्रयोग गर्लाउ जस्तो मलाई लागेको थिएन—"रामले बहुत गम्भीर भएर विपरीत दिशातर्फ टाउको फर्काए। यो देखेर लक्ष्मण-लाई पनि आफ्नो भूलको महशूस भयो र उनी एक्कासी रामको चरणमा परेर धेरै विन्ती गर्न लागे—"क्षमा पाउँ दाजै, मैले आवेशमा आएर बढी बोलें, मैले हजुरप्रतिको अन्याय सहन नसकेर यति कुरा बोलेको हुँ। म अज्ञानी भाइबाट भएको भूललाई क्षमा गरिबक्सेला मेरो प्रभु ?''

रामले झुकेर लक्ष्मणलाई उठाए र आलिङ्गनमा लिई प्यार गरेर सम्झाए—"लक्ष्मण, मलाई सबै थाहा छ। तिमी मलाई अति प्रेम गर्छौ। तिमी दुःखी भएको र आवेशमा आएका पनि मेरै लागि हो। यसमा तिमी यति दुःखी हुनु पर्दैन। जे हुन्छ सब ठीक हुन्छ। राम्रो नै हुनेछ। मलाई आशा छ भरतले अयोध्यावासीलाई सुख र आनन्दका साथ राख्नेछन्। अयोध्याको शासन राम्ररी चलाउन उनी समर्थ हुनेछन्।''

रामका यी निश्वार्थ पूर्ण, त्याग र आदर्शले पूर्ण कुरा सुनेर लक्ष्मण पुनः रामका चरणमा लोटपोट हुन लागे र भन्न लागे—"प्रभु, हजुर महान होइवक्सिन्छ, हजुरका अमृतवाणी सुनेर म धन्य भएँ मेरो प्रभू !''

"उठ भाइ तिम्रो स्थान त्यहाँ होइन, यहाँ हो'' भनेर रामले लक्ष्मणलाई आफ्नो छातीमा टांसे अनि दुवै भाइका आँखाबाट प्रेम बस्त आँसु झर्न लाग्यो। यो दृश्य देखेर एक छेउमा बसिरहेका सिता र कौशल्या पनि नरोई रहन सकेनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

६

राजकुमार भरत आफ्नो मामाघरमा रही अयोध्याको सबै गति-विधि उपर बडो चनाखो भई दृष्टि दिइरहेका थिए। उनको एक गुप्तचर जसको नाम दर्शन थियो, ऊ अयोध्यामा भइरहेका सबै घटनाहरूको खबर भरतकहाँ पुऱ्याउँदै थियो। अयोध्याबाट रामको बनमा प्रस्थान भएको खबर सुन्न भरत बेचैन भैरहेथे र माताजीको बुलावटलाई पखिरहेका थिए।

यसबेला भरत महलको एकान्त कोठामा बसेर आफ्नो सुनौला भविष्य उपर कैयौं कुराहरू सोचिरहेका थिए। अयोध्याको राजसिंहासन पाउने कुरालेे उनी अति रोमाञ्चित भइरहेका छन्। उनी शिघ्रसेशिघ्र आफ्नो चालबाजीको नतीजा सुन्न चाहन्थे। उनको गुप्तचर दर्शन अयोध्या गइरहेको थियो। भरत उसैको इन्तजारमा थिए। उनको मनमा अनेक शंका उपशंकाहरू उठिरहेका थिए। यत्तिकैमा अचानक दर्शन कोठामा आइपुग्यो र भन्यो— "राजकुमार, हजुरको अभिलाषा पूर्ण भयो।" दर्शनको कुरा सुनेर भरत एकदम खुशी भए। र प्रश्न गरे— "भन दर्शन यस पटक तिमीले के के सन्देश ल्यायौ अयोध्याबाट ?"

"बडो राम्रो सन्देश ल्याएको छु, राजकुमार।"

"के त्यहाँ सबै कुरा ठीक भैसक्यो ?"

"सब ठीक भयो। जस्तो हजुर चाहिबक्सन्थ्यो त्यस्तै भएको छ। राम सीता र लक्ष्मण बनतर्फ प्रस्थान भैसके। महारानी कैकयीले अब हजुरलाई अयोध्या आउने आज्ञा दिइबक्सेको छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"रथ्याबास दर्शन तिनीले बडा राम्रो खबर ल्यायौ। अब मेरो अयोध्या प्रस्थानको लागि प्रबन्ध गर, अब तिम्रो राजकुमार भरत महाराजा भरत बन्नेछ हा .. हा... हा ... हा... ।"

"हो राजकुमार अब हजुर महाराजा होइबसिनछ, अयोध्याको राजसिंहासन हजुरलाई पखिरहेछ।" यति भनेर दर्शन गम्भीर भयो। उसले भरतलाई केही भन्न खोज्यो तर कसरी भन्ने ऊं गरी अलमल्ल भयो। उसको यो स्थिति देखेर भरतले प्रश्नपूर्ण दृष्टिले उसलाई हेरे। दर्शनले सानो स्वरमा भन्यो-- "राजकुमार म केवल अयोध्याबाट खुसीको खबर मात्र लिएर आएको छैन। एक अति दुःखद समाचार पनि मैले हजुरलाई यसबेला जाहेर गर्नु छ।"

"मतलब ?" भरत सशंकित भए।

"महाराज दशरथको स्वर्गवास भयो।"

"ओह ! "– भरत चस्के। तर तुरुन्त आफुलाई सम्हालेर दर्शनलाई आज्ञादिए– "जाउ मेरो प्रस्थानको प्रबन्ध गर।"

दर्शन त्यहांबाट गयो। भरत चाहीं कोठामा यता र उता टहलिन लागे। सायद उनको मनमा अयोध्याको राजाहुन पाएको खुसिलेगर्दा पिताको मृत्युले केही असर पारेन छ कयार त्यसैले उनि दुःखि देखिएनन्।

अयोध्याको राजमहल महाराजा दशरथको मृत्युको शोकमा डुबिरहेको छ। तापनि भरत तर्फका भरदारहरू भरतको स्वागतकालागी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

अनेक ईन्तजाम गरिरहेका छन् । यसबेला कैकेयी हाममा आरती लिएर आ
पुत्रको स्वागतका लागी उभीईरहेकी छिन । परबाट आईरहेको भरत को
रथ देखे बितिकै सबै भारदारहरूले एकै स्वरमा आवाज लगाए–
"राजकुमार भरतकी जय .. राजकुमार भरतकी जय .. राजकुमार भरतकी
जय ... ।

भरतको रथ दरबारमा आईपुग्यो । एकफेरा भरतले चारैतिर
दृष्टि दौडाए अनि आफ्नि आमाको सामु बढे । उनको जयजयकार
तीव्र हुंदै गयो । यो सुनेर भरतले क्रोधित हुंदै कराए– "बन्द गर यो
जयजयकार, म सुन्न सकतिन यो ।"

"भरत यी सब तिमीलाई अयोध्याको नरेशको रूपमा स्वागत
गर्दैछन्"– कैकेयीले अगाडि बढेर भनिन ।

"भो भो' चाहीएन मलाई यी स्वागत । मलाई राजसिंहाशन होईन
मेरो दाजु राम चाहीन्छ, जसलाई हजुरले बन जान बाध्य गराई वक्स्यो ।
यी सबको कारण हजुरनै होईवक्सिन्छ ।"– भरत क्रोधले थरथर कांप्न
लागे । उनको यो स्थिति देखेर एक जना बुढा भारदारले अगी बढेर
भरतलाई बिन्ती चढाए– "राजकुमार, जो हुनु भैसक्यो अब आफ्नि माता
माथि क्रोध प्रकट नगरि बक्सियोस ।"

"हो राजकुमार बास्तवमा महाराजा दशरथको यही इच्छाथियो
की श्री राम बनमा जाउन र हजुरले राजगद्दी सम्हाली बक्सियोस"–
दर्शनलेपनि भरतलाई सम्झाए जस्तो गरे । "यसमा महारानी कैकेयीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै दोष छैन। यहाँले त हजुरको लागि एक माताको कर्तव्य पुरा गरि बक्सियो। अब हजुरले अयोध्याको बागडोर सम्हाली अयोध्या बासीको पालनपोशण गर्नुपर्छ''- बुढा भारदारले भने।

"हुँदैन-हुँदैन यो कदापी हुन सक्तैन। अयोध्याका सिंहासनमा मैले वस्तु ठूलो अन्याय र अपराध हुनेछ। यस सिंहासन माथी केवल दाजु रामको अधिकार छ। म गएर रामलाई फिर्ता ल्याउंछु र अयोध्याको सिंहासनमा बसाल्छु। मेरो राम अवश्य आउनेछन्।"

भरतको यो कुरा सुनेर कैकेयी र दर्शन ज्यादै अचम्भित भए र एक दोश्रोको मुख ताक्न लागे। साथै अन्य भारदारहरू पनि भरतको मुख एकनासले हेर्नलागे। कैकेयी भरतको यो बदलीएको व्यवहार र कुरा सुनेर मनमनै धेरैकुरा खेलाउन लागिन। त्यहाँबाट भरत आफ्नो कोठा तिर लागे। उनको पछिपछि कैकेयी र दर्शनपनि लागे। भारदारहरू सबले एक अर्काको मुखमा पश्न पूर्ण हेराई हेर्नलागे।

भरत आफ्नो कोठामा बसी अब के गर्ने भन्ने कुरामा सोची-रहेका छन्। उनी यसवेला मनमनै अनेक योजनाहरू बनाउंदैछन्। अयोध्याको सिंहासनमा स्थायी रूपले रहनको लागि उपायहरू रच्दैछन्। यत्तिकैमा कैकेयी र दर्शन कोठामा आउंछन्। कैकेयीलाई देखे बित्तिकै भरत खडा हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

"माताजी, परिस्थिति वश मैले हजुरमाथी कोध प्रकट गरेँ क्षमिनय गर्नुपर्‍यो, त्यसको लागि क्षमाप्रार्थी बक्सियोस् ।"

यो सुनेर कैकेयीले भरतलाई अंकमाल गर्दै भनिन– "मेरा प्यारा भरत, यसमा तिमिले क्षमा याचना गर्नुपर्ने कुनै कारण छैन । मैले सबै कुरा बुझेकी छु । तिमिले बडो कुशलता एवं चलाकीका साथ काम गरेका छौ । म तिम्रो बुद्धिको प्रशंसा गर्दछु ।"

"अवश्य ! हाम्रो राजकुमारको बुद्धि प्रशंसागर्न लायक छ । आखिर हाम्रो राजकुमारलाई अयोध्याको राज चलाउनु छ । यति राजनिति र चलाकी नजाने कसरी सासन चलाउन सकिन्छ ।"– दर्शनले आपनै तरिकाबाट भरतको तारिफ गर्‍यो ।

"तर तिमिले कौन सबैको सामुन्ने रामलाई फिर्ता ल्याउने कुरागर्‍यौ ? यो मैले जान्न सकिन"– कैकेयीले प्रश्न गरिन ।

"माता जी, हजुर कुनै चिन्ता नगरी बक्सियोस मैले यो सब कुरा अरूलाई सुनाउन भनेको हुं र म रामलाई लिनपनि अवश्य जान्छु । यसले गर्दा मैले रामको साथै अयोध्या वासीको समेत विश्वास पाउंछु र म सबैको अगाडी निर्दोष साबित हुने छु । यसलेगर्ना पछिसम्म मलाई अयोध्याको सासन गर्नलाई एक बलियो आधार बन्न जानेछ ।"

"त्यो त ठिक हो, तर राम साच्चिनै सरासर फर्केर आयोध्यनेत ?"

"हो राजकुमार, यदि राम फर्केर आए भनेय अनर्थ हुन्छ नी"– दर्शनलेपनि आफ्नो शंका जाहेर गर्‍यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मलाई पूरा विश्वास छ" भरतले गम्भीरताका साथ भने-- "राम कदापि फर्केर आउने छैन। हाम्रो राम बडा कर्तव्यपरायण र आज्ञाकारी छ। ऊ मातापिताको आज्ञालाई कहिले उल्लंघन गर्दैन।"

"ठीक मर्जी भयो राजकुमारले तर मेरो सानो बिन्ती यो छ कि यदि राम हजुरको आग्रहमा लागेर अयोध्या फर्कन लागेमा के गर्ने भन्ने पनि त हामीले बेलैमा सोच्नु पर्छ" दर्शनले भरतलाई सचेत गराउँदै भन्यो।

"म रामलाई फिर्ता ल्याउने ढोङ्ग गरेर रामप्रति आफ्नो भक्ति तथा प्रेम प्रकट गर्न चाहन्छु र साथै अयोध्यावासीलाई पनि यो विश्वास दिलाउन चाहन्छु कि मैले रामको हक जबरजस्ती खोसेको होइन र रामकै आज्ञाले अयोध्यावासीको सेवामा सिंहासनमा बसेको हुँ।"

"हो दर्शनले ठीक भने यदि साँचीकै राम सरासर तिम्रो पछि लागेर आयो भने त तिमीले आफ्नो खुट्टामा आफैंले बन्चरोले हानेको ठहर्छ। अरू के भनुँ तिमी जाफैं जान्ने बुझ्ने छौ।"

"मन्त्रीजी हजुरको पुत्र यति सूर्ख छैन जो आफ्नो खुट्टामा आफैंले बन्चरोले हान्नेछ। हजुर निश्चिन्त होइबक्सयोस्। सूर्य पश्चिमबाट उदय हुन सक्ला तर राम कदापि फर्केर आउन सक्ने छैन। यदि राम फर्केर आउन लागेमा म बाटैमा समाप्त गरिदिनेछु।" त्यसपछि दर्शनपट्टि फर्केर भरतले आज्ञा दिए-- "दर्शन मेरो प्रस्थानको इन्तजाम गर र साथमा पचास साठी जना आफ्ना विश्वासीला सैन्यको पनि इन्तजाम गर।"

"जो आदेश राजकुमार" दर्शन त्यहाँबाट बाहिर निस्कियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९

भरत राम बसेको जंगलतिर लागे। बाटामा उनले सर्व राक्षस राज तथा स्थानीय सामन्तहरूलाई गोप्य तवरले रामको विरूद्ध भड्काउने अगादि बढे। राम उनीहरूलाई सखाप गरी एक नयां राज स्थापना गर्न जंगलमा आएको हो भनी सुनाईदिये जसले गर्दा पछि रामलाई जंगलमा त्यहांका सामन्त र राक्षसहरूले बारंबार हमला गरेर दुःख दिए। भरतलाई यसको बदलामा त्यहांका सामन्तहरूले खुबै सत्कार गरे। भरत बाटामा शिकार खेल्दै सुरा र सामन्तीहरू द्वारा पेश गरिएको स्वर्गका अप्सराहरूसंग दिल बहलाउंदै उन्मत हुंदै, पन्चवाटीका तिर लागे।

अयोध्यादेखि धेरै टाढा राम, सीता र लक्ष्मण बसेकाछन्। त्यहांको बातावरण बहुतै रमणीय छ। प्रकृतिको यस शान्त र सुन्दर स्थानमा उनीहरू आफूलाई निकै आनन्दी र सुखी महसूस गरेर दिन काट्दै छन्।

एक दिन सीता कुटीको अगाडि फुलेका सुन्दर फूलहरू टिप्दै थिईन् राम कुटीको आंगनमा बसी धनुष कांढ मिलाउँदै थिए। लक्ष्मण चाहीं हातमा धनुष र बांण लिएर केही पर शिकार खेल्न गएका थिए।

अचानक लक्ष्मण परबाट– "राम... राम..."– भन्दै कराउँदै दौडेर आए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"के भयो लक्ष्मण ?"– रामले शान्त भै प्रश्न गरे।

"दाजै, भरत हामीलाई मार्न भनी आउंदै छ'– लक्ष्मणले हाम्रिदै भने। उनको कुरा सुनेर रामले उनलाई सम्झाए– "लक्ष्मण, भरत प्रतिको तिम्रो दुषित भावना केही गरेपनि हराउने भएन।"

"होईन दाजै, भरत सांच्चिकै हामीलाई मार्न आईरहेछ, हेनुं- होस दाजै भरतको सैन्य यसैतर्फ बढदैछ" लक्ष्मणले परबाट आइरहेको भरत र उसको सैन्यलाई देखाउंदै रामलाई भने।

"लक्ष्मण यो केवल तिम्रो भ्रम मात्र हो। भरत हामीलाई भेट गर्न आएका हुन्। हामी बनतर्फ प्रस्थान गर्दा उनी माबलमा थिए, सो अैले यहाँ आएका हुन्।"

"तर दाजै हामीलाई भेट गर्न आउदा यो फौज किन ल्याउनु पन्यो ? मलाई लाग्छ भरत यहां राम्रो नियत गरी आएको छैन। हामीले चाडैनं आपनो सुरक्षाको प्रबन्ध गर्नु पर्छ।"

"लक्ष्यण तिमी नडराउ, धैर्य गर। भरतले यसरी आफ्नो साथमा फौज ल्यायका त बाटामा राक्षसहरूले दुःख देलान् भनेर हो। तिमी कुरा बुझ भाई, यसरी उल्टो नसोच।"

यतिकैमा भरत आपनो फौजका साथ कुटीमा आईपुगे। सीता-लाई पनि पहिलेत मारै डर लाग्यो तर भरतले आउना साथ रामको चरणमा परेर बिन्ती गरेको सुन्दा उनको डर गयो र साथै भरतप्रतिको उनको गलत धारणा पनि लोप हुँदै गयो। भरतले रामका चरणमा परेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिन्ती गर्न लागे– "दाजै, हजुरले यो के गर्नु भएको ? किन यसरी टुहुरा र असाथ ऊँ पारि यहाँ आउनुभयो ?"

भरतको अवस्था देखेर रामले उनलाई उठाएर अंकमाल गर्दै भन्नुभयो– "भरत, म तिम्रो व्यथा बुझ्दछु। भाई यसरी दुःखी नहोऊ।"

"दाजै हजुरले यो अनर्थ किन गरी बसनु भएको ? केवल मेरी अज्ञानी र विवेकहीन माताको कुरा सुनेर अयोध्य को राज पाट छोडी यसरी यहाँ बनमा दुःख कष्ट भोग्न आउनुभयो ? हजुरलाई आफ्ना प्यारा प्रजाको र मेरो कतिपनि माया भएन ? अयोध्यावासीको आँसु हजुरले देखिबक्सेन ?"

"अब अयोध्यावासीको आँसु तिमी गएर पुछ र उनीहरूलाई हर तरहले सुखी राख, यही मेरो ईच्छा छ।"

"नाई–नाई–प्रभू यो असम्भव छ। म यो ठूलो भार बोक्न सक्तिन र म हजुरको अधिकार भएको सिंहासन मा बसेर पाप बोक्न चाहन्न। म त दाजैलाई यहाँबाट अयोध्या फिर्ता लिएर नै जान्छु"– भरत रुँदै रामलाई बिन्ति गर्न लागे।

"भाई त्यसो नभन, म अब माता पितको आज्ञा पालन नगरी अयोध्या फर्कन सक्तिन। माता पिताको आज्ञा पालन गर्नु मेरो प्रथम कर्तव्य हो र मलाई आशा छ की तिमीले मेरो मनसाय बुझ्यौ होला र अयोध्यामा रहेर त्यहाँको सबै कार्य राम्ररी संचालन गर्ने छौं।"

"दाजै, मलाई किन यो संकटमा पारि दिनु भयो ? हजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जांचना रही दुःख कष्ट झेल्नु र म चाहीं अयोध्याना बसी मखमलमा सुत्नु यो कसरी होला ? मेरो बिन्ती छ दाजै मेरो साथ हिड्नुहोस् ।"

"भरतहरू नगर, मेरो कुरा बुझ। म १४ वर्षको वनवास काल पूरा गरेर मात्र आउनेछु। मेरो आशिर्वाद सदा मितिमा रहनेछ। जाउ र अयोध्याको काम सम्हाल।"

"जो आज्ञा दाजै, म हजुरको आज्ञाको पालना गर्दछु र अयोध्याको सिंहासन नासोको रूपमा सम्हालेर राख्ने छु। म कदापि सिंहासनमा बस्ने छैन र हजुरको नामबाट हजुरको प्रतिनिधिको रूपमा शासन गर्ने छु।"

लक्ष्मण र सीता एक छेउमा रही भरत र रामको वार्ता सुनिरहेका थिए। सीता भरतको कुरा सुनेर मनमनै सोच्न लागिन् कि भरतप्रति लक्ष्मणको जुन भावना र धारणा छ, त्यो सबै निराधार अर्थात् झुठ रहेछ। वास्तवमा भरत रामलाई धेरै प्रेम गर्दछन्। यदी भरतले साँच्चिकै रामको हक खोस्न चाहेको भए किन यसरी रामलाई लिन आउंथे ?"

यस्तै प्रकारले लक्ष्मणपनि भरतको अभिनय देखेर मनमनै भन्दै थिए– "कति दुष्ट छ भरत, रामलाई अयोध्याबाट निकाली सिंहासनमाथि आफ्नो अधिकार जमाउन त्यत्रो चाल रचेपछि अब आफुलाई निर्दोष साबित गर्दै अरूको आँखालाई धोकादिन चाहन्छ। जबकी उसलाई थाहा छ, राम कदापी फर्कर जांदैनन्। त्यसैले यो ढोङ गर्दैछ। यदि साँच्चै नै रामलाई फिर्ता लिन आएको भए साथमा यो फौज किन ल्याउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिन्ती गर्न लागे– "दाजै, हजुरले यो के गर्नु भएको ? किन यसरी दुहुरा र अनाथ झैं पारि यहाँ आउनुभयो ?"

भरतको अवस्था देखेर रामले उनलाई उठाएर अंकमाल गर्दै भन्नुभयो– "भरत, मतिक्रो व्यथा बुझ्द छु। भाई यसरी दुःखी नहोऊ।"

"दाजै हजुरले यो अनर्थ किन गरी बबसनु भएको ? केवल मेरी अज्ञानी र विवेकहीन माताको कुरा सुनेर अयोध्य को राज पाट छोडी यसरी यहाँ बनमा दुःख कष्ट भोग्न आउनुभयो ? हजुरलाई आफ्ना प्यारा प्रजाको र मेरो कतिपनि माया भएन ? अयोध्यावासीको आँसु हजुरले देखिबक्सेन ?"

"अब अयोध्यावासीको आँसु तिमी गएर पुछ र उनीहरूलाई हर तरहले सुखी राख, यही मेरो ईच्छा छ।"

"नाई–नाई–प्रभू यो असम्भव छ। म यो ठूलो भार बोक्न सक्तिन र म हजुरको अधिकार भएको सिंहासन मा बसेर पाप बोक्न चाहन्न। म त दाजैलाई यहाँबाट अयोध्या फिर्ता लिएर नै जान्छु"– भरत रुँदै रामलाई बिन्ति गर्न लागे।

"भाई त्यसो नभन, म अब माता पितको आज्ञा पालन नगरी अयोध्या फर्कन सक्तिन। माता पिताको आज्ञा पालन गर्नु मेरो प्रथम कर्तव्य हो र मलाई आशा छ की तिमीले मेरो मनसाय बुझ्यौ होला र अयोध्यामा रहेर त्यहाँको सबै कार्य राम्ररी संचालन गर्ने छौं।"

"दाजै, मलाई किन यो संकटमा पारि बिनु भयो ? हजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जंगलमा रही दुःख कष्ट झेल्नु र म चाहीं अयोध्यामा बसी मखमलमा सुत्नु यो कसरी होला ? मेरो बिन्ती छ दाजै मेरो साथ हिड्नुहोस् ।"

"भरतहरू नगर, मेरो कुरा बुझ। म १४ वर्षको वनवास काल पूरा गरेर मात्र आउनेछु। मेरो आशिर्वाद सदा मितिमा रहनेछ। जाउ र अयोध्याको काम सम्हाल।"

"जो आज्ञा दाजै, म हजुरको आज्ञाको पालना गर्दछु र अयोध्याको सिंहासन नासोको रूपमा सम्हालेर राख्ने छु। म कदापि सिंहासनमा बस्ने छैन र हजुरको नामबाट हजुरको प्रतिनिधिको रूपमा शासन गर्ने छु।"

लक्ष्मण र सीता एक छेउमा रही भरत र रामको वार्ता सुनिरहेका थिए। सीता भरतको कुरा सुनेर मनमनै सोच्न लागिन् कि भरतप्रति लक्ष्मणको जुन भावना र धारणा छ, त्यो सबै निराधार अर्थात् झुठ रहेछ। वास्तवमा भरत रामलाई धेरै प्रेम गर्दछन्। यदी भरतले साँच्चिकै रामको हक खोस्न चाहेको भए किन यसरी रामलाई लिन आउंथे ?"

यस्तै प्रकारले लक्ष्मणपनि भरतको अभिनय देखेर मनमनै भन्दै थिए– "कति दुष्ट छ भरत, रामलाई अयोध्याबाट निकाली सिंहासनमाथि आफ्नो अधिकार जमाउन त्यत्रो चाल रचेपछि अब आफुलाई निर्दोष साबित गर्दै अरूको आँखालाई धोकादिन चाहन्छ। जबको उसलाई थाहा छ, राम कदापी फर्कर जांदैनन्। त्यसैले यो ढोङ गर्दैछ। यदि साँच्चै नै रामलाई फिर्ता लिन आएको भए साथमा यो फौज किन ल्याउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्‍यो ? यदि राम साँच्चिनै अयोध्या फर्कन लान्नुभएको भए यो पाप
घाटमा हामी सबैलाई मार्ने थियो।

यस्तै प्रकारले भरतको चालबाजीदेखी लक्ष्मण रिसले मुरमुरि-
रहेका थिए।

यता भरत रामलाई विन्ति गर्दै थिए।

"दाजै म हजुरसंग एक कुरा माग्दछु। जसले मलाई सदा हजुरको सम्झना दिलाई रहोस्।"

"माग भरत, तिमी जे माग्छौ म दिन तयार छु।"

"दाजै मलाई हजुरको पाउपोस दिई बक्सियोस्। म हजुरको पाउपोसलाई अयोध्याको राज सिंहासनमा राख्नेछु र दिन रात पूजा गर्नेछु, जसले मेरो मनलाई शान्ति मिल्नेछ।"

"भाई तिम्रो ईच्छा यही हो भने लाउ"– भन्दै रामले आफनो खराउ फुकालेर भरतलाई दिए। भरतले खराउ लिएर रामलाई र सीतालाई दर्शन गरी त्यहांबाट फर्किए।

भरतले रामको खडाउ बोकेर त्याएकोमा दर्शनलाई अचम्म लागिरहेको थियो यसमा के रहस्य छ ? उ जान्न चाहीरहेको थियो। महलमा आई पुगेपछि मौका पाउना साथ दर्शनले भरतलाई प्रश्न गरी हाल्यो– "राजकुमार, सेवक एक प्रश्न गर्ने आज्ञा पाउँछि ?"

"जरूर, जरूर–"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यो रामको खडाउ ल्याउनुमा पनि केही विशेषकारण छ की प्रभू ?"

"केही कारण नभएको भए किन यो जावो काठको खडाउ ल्याउंथे।"

"त्यो विशेष कारण के हो त राजकुमार ?"

"म यो खडाउ लाई अयोध्याको राजसिंहासनमा राखनेछु र दिन रात पूजा गर्नेछु। यसबाट सर्व देशवासीलाई म यो विश्वास दिलाउनु चाहन्छु कि म कत्तिको रामभक्त छु र रामलाई प्रेम गर्दछु, साथै म यो पनि जाहेर गर्न चाहन्छु कि म रामको आज्ञाले रामको प्रतिनिधि भएर अयोध्याको शासन गर्दैछु। यस प्रकार समस्त देशवासी यही सम्झन्छन् कि शासन भरत हैन राम स्वयंले गर्दैछन् र म त रामको प्रतिनिधिमात्र हुं। अब मिमीले थाहा पायौ खडाउको विशेष कारण ?"

"थाहां पाएं प्रभू, राजनीति र कुटनीति को त हजुर खानी होईबक्सिछ।"

"अब यो रामको खडाउ अयोध्याको राजसिंहासनमा बस्नेछ तर शासन भने भरतले गर्नेछ– हा हा... हा... भरतलाई हांसेको देखेर दर्शन पनि अट्टहास गर्न लाग्यो।

त्यसपछि अचानक हांसो बन्द गरेर भरतले आज्ञा दिए– "आज म बहुत प्रशन्न छु, कुनै नाच गानको प्रबन्ध गर।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"अवश्य राजकुमार म प्रबन्ध गर्छु– पनि भनि दर्शन त्यहाँबा
बाहिर निस्कियो।

७

भरतले अयोध्याको राजसिंहासन विधि पूर्वक सम्हाले। उनी अब राजकुमारबाट महाराजा बने। सबैले उनलाई अयोध्या नरेशको रूपमा स्वीकार गरे। सबैले उनलाई रामकै रूप सम्झिए। भरत निर्धक्क र निश्चिन्त भई अयोध्याको शासन गर्न लागे।

उनी बेला बेलामा बनबासी रामको गतीविधि माथि पनि निगरानी राख्दै थिए। समय बित्दै गयो। रामको बनबासको अवधि पनि समाप्त हुँदै गयो।

अब भरतको मनमा दिन रात एउटै भयंकर आशंकाले जरो गाड्न लाग्यो। उनको मनमा सधैं एउटै प्रश्न आउन लाग्यो– "राम बनवासबाट फर्केर आएपछि के गर्ने ?" उसको अन्तरात्माले उसलाई घचघचाउन लाग्यो– "भरत, राम फर्केर आएपछि तं के गर्छस् ?" के तं यो सब अधिकार छोड्न सक्छस् ? के तं यो राजसिंहासन छोडेर एक साधारण मानिस बन्न सक्छस् ?"

जब धेरै कुरा उसको मनमा आउन्यो त उ दाह्रा किटेर फराउँथे– "यस्तो स्थिति कदापि आउने छैन, म सबैका लागि यो खतरा समाप्त गर्नेछु।" अनि भरत यस समस्या बारे सोच्न लागे। दिन रात उनि यही विषयमा सोच्दथे र समस्याको समाधान खोज्दथे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तैमा एक दिन रावणले सीतालाई हरण गरी लगेको कुरा भरतले सुने। यो खबर सुनेर उनी धेरै खुसी भए। अब रामलाई रावणले नै ठीक पार्छ भन्ने उनलाई लाग्यो। उनी परमात्मासंग पुकारा गर्न लागेथे रावणले रामलाई खतम पारोस् र रामको तर्फबाट हुन सक्ने खतरा सदाका लागि टरोस्। यस कुरामा उनी गुप्त रूपले रावणको मद्दत पनि गर्न चाहन्थे तर यसो गर्दा आपनो चालबाजीको भेद खुल्ने सम्भावना भएकोले उनले यसो गरेनन्। तापनि रावणले रामलाई एक गाँस पार्छ भन्ने उनलाई पक्का थियो। उनी अब रामको अन्त हुने दिन पखिरहेका थिए।

आखिर एक दिन राम र रावणको घमासान युद्ध हुनलागेको खबर भरतले सुने। भरत आपनो खोपीमा बसेर जडाईको नतिजा अर्थात् रामको अन्त भएको सम्झेर सुख अधिर मै बसेका थिए।

अचानक गुप्तचर दर्शन खोपीमा उपस्थित भयो र हडबडाउँदै भरतलाई विन्ति चढायो– "महाराज, अनर्थ भयो"

"के भयो ?"–भरतले आत्तिएर सोधे।

"लंका नरेश युद्धमा मारिए"

"के रे !" भरतको जिब्रो तालुमा टाँसियो। उनी थरथर काप्न लागे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हो महाराज, रामले लंका फत्ज्ञा गरेर सीतालाई लिएर फर्किए

"यो के सुन्नु पऱ्यो हामीले"– भरत थचक्क बसे । दर्शन आफ्नो महाराजाको स्थिति देखेर के गरूं र के भन्नु ऊँ भए । एक क्षणपछि भरतले दर्शनलाई भने– "दर्शन तिमी जाउ मलाई एक्लै बसेर केही सोच्न देउ ।"

दर्शन त्यहाँबाट गयो। भरत एक्लै कोपीमा बसेर अब के गर्ने भन्ने कुरा विचार पर्न लागे। उनको मस्तिष्कमा अनेक कुराहरू आउन लाग्यो। उनले यो पनि सोचे की अब अन्तिम उपाय अयोध्यामा भएका आफ्ना विश्वासिला सैन्य लिएर रामसंग सोझै भिड्ने । तर उनको अन्तरमनले उसको यस विचारलाई खण्डन गर्दै भन्यो– "भरत अब यस किसिमको मूर्ख काम कदापि नगरेस् । रावण जस्तो शक्तिसालीको पनि रामसंग केही लागेन । तैले रामसंग टक्करलिन खोजीसक्ने तेरो नराम्रो गति हुनेछ । जुनसैन्यको बलले रामसंग लड्ने कुरो सोचेको छस् ती सबै रामलाई देखेबित्तिकै रामसंग मिल्ने छन् । आजसम्म तैले जो एसआराम गरीस अयोध्याको स्वामी भएर, त्यत्तिमै सन्तोष गर । राम फर्किएर आउनासाथ रामलाई राज्य सुम्पिएर राम एवं अयोध्यावासीको सामू आफूलाई बेकसुर र चोखो साबित गर तेरो भालवाजी देखी, ऐले सम्म कोही परिचित छैनन् तैलाई रामले राम्ररी नै राखने छ। तेरो भलो बसैमा छ। मन नडुला– रामको शरणमा पर ।"

निकै बेरसम्म सोचेपछि भरतले आखिरमा रामको सरणपर्ने नै निश्चय गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामचन्द्र की जय रामचन्द्र की जय .. रामचन्द्र की जय .

चारं तिर रामचन्द्रको जय जयकार हुन लाग्यो । रामचन्द्र १४ वर्षको वनवास पूरा गरी भाई लक्ष्मण र पत्नी सीता का साथ अयोध्या फर्के । सारा अयोध्यामा खुसीको लहर फैलियो ।

भरत राजमहलमा रामको स्वागतको लागि तयार भएर बसेका छन् । यस वेला उनी पनि अन्य व्यक्ति सरह हंसी खुसी देखिएका छन् ।

रामचन्द्रले राजमहलमा प्रवेश गरे । भरतले एकदम रामको चरणमा लोटपोट हुंदै भन्न लागे– "दाजै हजुरको सवारी भयो, अब अयोध्यावासीको भाग्य चम्कियो, हजुर विना हामी टुहुरा भएका थियौ । हजुरको आज्ञा बमोजिन मैले आफनो बुद्धि विवेकले भ्याएसम्म अयोध्या-वासीको सेवा गरे । अब हजुर अयोध्याको सिंहासनमा राज होई बक्सियोस-र यस भाईलाई हजुरको सेवा गर्ने अवसर प्रदान गरी बक्सियोस् मेरो राम मेरो प्रभू..."

भरतको विलाप र राम भक्ति देखेर लक्ष्मणलाई पश्चाताप भएर आयो । रामले पनि भरतलाई उठाएर अंकमाल गर्दै भने– "भाई भरत म तिम्रो कर्तव्य तथा प्रेम प्रति आभारी छु ।"

त्यसपछि पुनः एक पटक चारंतिर रामको जय जयकारको आवाज गुन्जियो । मानिसहरू जुलुसले नाच्न लागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

यस प्रकार राम र भरतको विचको लुकेको इतिहास समाप्त भयो र भरतको चाल र नियतदेखी स्वयं राम, अयोध्यावासी तथा वाल्मिकि महाशय समेत अनभिज्ञ रहे साथै रामायणका पाठक एवं श्रोताको नजरबाट पनि चलाक कूटनीतिज्ञ भरत उम्कन सफल भयो ।

卐 समाप्त 卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

(3)

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. No. ६८५२
Class No 294.5922 Book No BHA
Author भट्टराई, विनोद प्रसाद
Title भरतमुनि

Due on	Borrower's Name	Returned on

CC-0. In Public Domain. Digitization by eGangotri.Funding:MDF



"म शत्रुको बामोनिसान मिटाईदिने छु। म त्यस दुष्ट भरतको चालबाजी कदापि सफल हुन दिने छैन।"

—लक्ष्मण

"अब यो रामको खडाउ अयोध्याको राजसिंहासनमा बस्ने छ तर शासन गर्ने भरतले गर्ने छ हा... हा हा .."

—भरत

"शान्तहोऊ भाई, केवल तुच्छाचुछि र संघर्ष गर्नु मा होईन ... .. "